# नेपाली कम्युनिष्ट पार्टी
# जिल्ला समिति, हुम्ला

मिति: २०८२ असार १७

पत्र संख्या: २०८२/०८३
चलानी नं.: ७३

**विषय: प्रेस विज्ञप्ति**

नेपाली कम्युनिष्ट पार्टी जिल्ला समिति हुम्लाको समायोजन, सपथग्रहण तथा चुनावी समीक्षा बैठक जिल्ला संयोजक डा. दीपेन्द्र रोकायाको अध्यक्षतामा २०८३ असार १५ र १६ गते सिमकोटमा सम्पन्न भएको छ। बैठकमा प्रदेश इञ्चार्ज चन्द्र बहादुर शाही, प्रदेश सहइञ्चार्ज नरेश भण्डारी, प्रदेश संयोजक विमला केसी, हुम्ला जिल्ला इञ्चार्ज हस्त बहादुर शाही, जुम्ला जिल्ला इञ्चार्ज गोमा कुँवर, सहइञ्चार्ज रंगमल रोकाया तथा पार्टीका केन्द्रीय सदस्यहरूको विशेष उपस्थितिमा जिल्ला संगठन निर्माण, पार्टी समायोजन, प्रतिनिधिसभा निर्वाचन २०८२ को समीक्षा, आगामी कार्यदिशा तथा संगठन सुदृढीकरणका विषयमा विस्तृत छलफल गरी महत्वपूर्ण निर्णयहरू गरिएको छ। सोको जानकारी गराउन प्रेस विज्ञप्ति जारी गरिएको छ।

१. बैठकको प्रारम्भमा राष्ट्रिय गीत गाइयो। साथै, ज्ञात अज्ञात सम्पूर्ण महान् शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरियो।

२. जिल्ला संयोजक डा दीपेन्द्र रोकायाले बैठकको एजेण्डाहरु प्रस्तुत गर्नुभयो। हलबाट केही विषय थप गरी पास गरियो।

३. जिल्ला इञ्चार्ज हस्त बहादुर शाहीले साविकका पार्टीहरूबाट समायोजन भई बनेको जिल्ला समितिको विवरण प्रस्तुत गर्नुभयो। हलबाट प्राप्त नामहरु समेत अनुमेदन भयो।

४. प्रदेश इञ्चार्ज चन्द्र बहादुर शाहीले समायोजित जिल्ला समितिलाई सामूहिक रूपमा पार्टीप्रति प्रतिबद्ध रहेर देश र जनताको पक्षमा उभिएर काम गर्ने स्प्रीडका साथ वैचारिक रुपमा सपथ ग्रहण गराउनुभयो।

५. पार्टी केन्द्रको सर्कुलर केन्द्रीय सदस्य विजय भण्डारीले वाचन गर्नु भयो।

| | | |
|---|---|---|
| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
| संयोजक | सह इन्चाज | इन्चाज |

CamScanner

६. प्रतिनिधिसभा निर्वाचन, २०८२ को जिल्ला प्रतिवेदन जिल्ला संयोजक तथा उक्त निर्वाचनका उम्मेदवार डा दीपेन्द्र रोकायाले पेश गर्नुभयो।

७. पार्टी एकतादेखिका गतिविधिहरुको बारेमा ३७ जनाले रिपोटिङ्ग तथा विचार राख्नुभयो।

८. रिपोर्टिङ्गको संश्लेषण प्रदेश कार्यलयबाट गहन रुपमा भयो। प्रदेश इञ्चार्ज चन्द्र बहादुर शाहीले यो निर्वाचनमा डा. दीपेन्द्र रोकायाले चुनावमा पराजय भोग्नु भनेको हुम्ला र मुलुकले नै पराजय रुपमा लिनुपर्ने बताउनुभयो। सहइञ्चार्ज नरेश भण्डारीले यो चुनावमा ग्रामिण वर्गसंघर्षदेखि लड्दै आएको प्राज्ञिक व्यक्तित्व हुम्लाले नचिनेकोमा मृत्युपछि गरिने प्रशंसाको अर्थ नहुने उदाहरणसहित हुम्ला र हुम्ली कमरेडहरुले पश्चताप गर्नुपर्ने बताउँदै इतिहासले मुल्याङ्कन गर्ने बताउनुभयो। प्रदेश संयोजक विमला केसीले चुनावमा टिकट सापेक्षित रुपमा छलफल गरी दिएको र यो चुनावमा नेताहरुले असहयोग गरेर गल्ती गरेको, बाटो अबरुद्ध गरेको विषयले पीडा भएको छैन भने त्यो अराजनैतिक कुरा हो भन्नुभयो। उहाँहरुले हुम्लाको वाम वर्चस्व कायम गर्न अझ प्रतिबद्ध भएर लाग्न अपिल पनि गराउनुभयो। यसका साथै वैठकमा उपस्थित जुम्ला इञ्चार्ज गोमा कुँवरले हुम्लाले हार्ने र विचलित हुने छुट नभएको बताउनुभयो।

९. जिल्ला संगठन निर्माण सम्बन्धी प्रस्तावमा छलफल गर्दा सहसंयोजकमा धर्मराज बोहरालाई प्रस्ताव गर्ने र प्रदेशबाट अनुमोदनका लागि अनुरोध गर्ने निर्णय भयो।

१०. शिक्षक, दलित, महिला, युवा, विद्यार्थी, कर्मचारी, स्वास्थ्यकर्मी, प्रेस सेन्टर, किसान, बुद्धिजीवी, कलाकार, उद्योग व्यापार, शहीद परिवार, घाइते अपाङ्ग, खेलकुद, ट्रेड युनियन, आदिवासी जनजाति, कर्नाली मुक्ति मोर्चा तथा सम्पर्क फ्याक्सन गठन गरी सम्बन्धित इञ्चार्ज, अध्यक्ष तथा सचिव चयन गर्ने निर्णय गरियो। जसअनुसार,

क शिक्षकको फ्याक्सन इञ्चार्ज वर्ष बहादुर शाही, इञ्चार्ज राजन रावत र अध्यक्ष गंगादत्त जैसी ।

ख दलितको फ्याक्सन इञ्चार्ज रणसिंह परियार, इञ्चार्ज मदन परियार, सह इञ्चार्ज कमल नेपाली र अध्यक्ष दलजीत विक र सचिव तरुण टमटा।

ग महिलाको फ्याक्सन इञ्चार्ज सिता शाही, इञ्चार्ज प्रतिमा बुमी, अध्यक्ष कुसुम कार्की र सचिव सम्झना सिंह।

घ युवाको फ्याक्सन इञ्चार्ज प्रमोद लामा, इञ्चार्ज मिम बहादुर रोकाया र अध्यक्ष कालीबहादुर भण्डारी।

ङ विद्यार्थीको फ्याक्सन इञ्चार्ज बविता शिरा, इञ्चार्ज सूर्य ऐडी, सहइञ्चार्ज छत्र मल्ल र अध्यक्ष हेमन्त शाही।

| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
|---|---|---|
| संयोजक | सह इन्चार्ज | इन्चार्ज |

CamScanner

च  कर्मचारीको फ्याक्सन इञ्चार्ज विजय भण्डारी, इञ्चार्ज डबल्या रावत ।

छ स्वास्थ्यकर्मीको फ्याक्सन इञ्चार्ज सरिता बोहरा, इञ्चार्ज धनजीत भण्डारी, अध्यक्ष खड्ग शिरा र सचिव रिमा लामा।

ज प्रेस सेन्टर कार्यालयबाट हेर्ने। सहइञ्चार्ज कर्ण रोकाया र अर्जुन बोहरा, अध्यक्ष तिलसरा विक र सचिव भक्तराज ऐडी।

झ किसानको फ्याक्सन इञ्चार्ज इञ्चार्ज जीवन ऐडी, इञ्चार्ज विक फडेरा र अध्यक्ष गोरासिंह रावल।

ञ बुद्धिजीवीको फ्याक्सन इञ्चार्ज डा दीपेन्द्र रोकाया, इञ्चार्ज सिंह धामी र अध्यक्ष गोविन्द शाही।

ट कलाकारको फ्याक्सन इञ्चार्ज तीर्थराज रोकाया, सहइञ्चार्ज शेरबहादुर पाल, इञ्चार्ज औस्या विक, प्रदेश क परिमल परियार र प्रदेश ख विशु सुनार।

ठ उद्योग व्यापारको फ्याक्सन इञ्चार्ज नाम्ग्याल लामा, इञ्चार्ज सुझाव ढकाल, अध्यक्ष प्रशान्त धमला।

ड शहिद परिवारको फ्याक्सन इञ्चार्ज धनमता फडेरा, इञ्चार्ज बुद्धि बुढा र अध्यक्ष देवी बैजी।

ढ घाइते अपाङ्गको फ्याक्सन इञ्चार्ज रंगमल रोकाया, इञ्चार्ज अजवीर बुढा र अध्यक्ष भईबहादुर ऐडी

ण खेलकुदको फ्याक्सन इञ्चार्ज टक्क बहादुर शाही, इञ्चार्ज आर वी क्षेत्री र अध्यक्ष रामजन रावत।

त ट्रेड युनियनको फ्याक्सन इञ्चार्ज काली बहादुर विक, इञ्चार्ज जंग बोहरा।

त आदिवासी जनजातिको फ्याक्सन इञ्चार्ज छिरिङ डम्डुल लामा, इञ्चार्ज नरजङ लामा र देवीसिंह रोकाया, अध्यक्ष कमल बुढा र सचिव दिपेन्द्र लामा।

थ कर्नाली मुक्ति मोर्चाको फ्याक्सन इञ्चार्ज कमल छत्याल, इञ्चार्ज सूर्य बहादुर ऐडी ।

द  सम्पर्क फ्याक्सन इञ्चार्ज अम्बिका कोइराला शाही र संयोजक तुल बहादुर शाही  (काठमाडौं), सम्पर्क फ्याक्सन इञ्चार्ज रणसिंह परियार र संयोजक दलवीर थापा (सुर्खेत) र सम्पर्क फ्याक्सन इञ्चार्ज गोर्ख ऐडी र संयोजक गोविन्द विक (नेपालगञ्ज) ।

११. जिल्लामा २१ वटा विभाग गठन गरी सम्बन्धित प्रमुखहरू चयन गरियो। संगठन विभागको प्रमुखमा डा. दीपेन्द्र रोकाया, अनुशासन तथा अनुगमन मूल्याङ्कन विभागको प्रमुखमा हस्त बहादुर शाही, अर्थ विभागको प्रमुखमा रंगमल रोकाया, पार्टी स्कूल विभाग कार्यालयबाट संयुक्त रुपमा, संसदीय मामिला विभागको प्रमुखमा रणसिंह परियार, विजय भण्डारी र लालकेश जैसी, शिक्षा विभागको प्रमुखमा वर्ष बहादुर शाही, प्रचार प्रसार विभागको प्रमुखमा तिलसरा विक, उत्पादन तथा उद्यमशील विभागको प्रमुखमा बागदल मल्ल, पर्यटन, यातायात तथा नागरिक उड्डयन विभागको प्रमुखमा छिरिङ डम्डुल लामा, कृषि तथा भूमि

| | | |
|---|---|---|
| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
| संयोजक | सह इन्चाजं | इन्चाजं |

CamScanner

विभागको प्रमुखमा नन्द बहादुर शाही, उद्योग तथा वाणिज्य विभागको प्रमुखमा नामग्याल लामा, कानून तथा न्याय विभागको प्रमुखमा वीरजङ शाही, निर्वाचन विभागको प्रमुखमा मान बहादुर थापा, मानवअधिकार विभागको प्रमुखमा कमल छत्याल, महिला तथा बालबालिका विभागको प्रमुखमा जुम्कित लामा, युवा तथा खेलकुद विभागको प्रमुखमा आर.वि. क्षेत्री, राजकीय मामिला तथा सुशासन विभागको प्रमुखमा शिवराज शर्मा, साहित्य तथा संस्कृति विभागको प्रमुखमा देवकी तिमल्सिना, वन तथा वातावरण विभागको प्रमुखमा कृष्ण रोकाया तथा विज्ञान तथा प्रविधि विभागको प्रमुखमा धर्मराज बोहरालाई चयन गरियो।

१२. पार्टीको अर्ध वार्षिक कार्ययोजना निम्न अनुसार तय गरिएको छ।

- असार १८ गतेदेखि ३० गतेसम्म पालिका स्तरीय समायोजन कार्यक्रम
- साउन १ गतेदेखि ११ गतेसम्म वडा स्तरीय समायोजन कार्यक्रम
- साउन १ गतेदेखि भदौ ११ गतेसम्म सदस्यता नवीकरण अभियान
- भदौ १५ गते वडा अधिवेशन
- भदौ ३१ गते पालिका अधिवेशन
- असोज ५ गते जिल्ला अधिवेशन
- कार्तिकमा प्रदेश अधिवेशन तथा श्रम अभियान
- मंसिरमा राष्ट्रिय महाधिवेशन ।

१३. संगठनात्मक अभियान तथा पालिकास्तरीय पार्टी समायोजन कार्यक्रम निम्न अनुसार तय गरियो।

असार १५ र १६ गते जिल्ला समिति समायोजन

असार १७ गते जिल्ला पत्रकार सम्मेलन

असार २१ गते सर्केगाड गाउँपालिका समिति समायोजन

असार २२ गते चंखेली गाउँपालिका समिति समायोजन

असार २४ गते अदानचुली गाउँपालिका समिति समायोजन

असार २५ गते ताँजाकोट गाउँपालिका समिति समायोजन

| | | |
|---|---|---|
| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
| संयोजक | सह इन्चार्ज | इन्चार्ज |

CamScanner

असार २८ गते नाम्खा गाउँपालिका समिति समायोजन

असार २९ गते सिमकोट गाउँपालिका समिति समायोजन

असार ३० गते खार्पुनाथ गाउँपालिका समिति समायोजन

असार ३१ गते सबै वडा समिति समायोजन

१४. उत्पादन तथा आर्थिक सुदृढीकरण सम्बन्धमा सम्बन्धित पालिका समायोजन बैठकबाट एक पालिका एक उत्पादन अभियान सञ्चालन गर्ने निर्णय गरियो।

१५. संघर्षका कार्यक्रम निम्न विषयमा केन्द्रित रहेर गरिने छ।

- सैपाल कर्नालीलाई सीमा मानी हुम्ला र बाजुराको सीमा विवाद समाधानका लागि संघर्ष गर्ने।
- प्रदेशबाट विनियोजित योजनामा भएको विथितिको भण्डाफोर गर्ने।
- सरकारको गैरजिम्मेवार शैली, महँगी र विद्यमान सबैखाले भ्रष्टाचारका विरुद्ध तथ्यगत संघर्ष सञ्चालन गर्ने।

१६. आर्थिक सम्बन्धमा जिल्ला संयोजक, जिल्ला इञ्चार्ज र अर्थ विभाग प्रमुखको संयुक्त हस्ताक्षरबाट पार्टीको बैंक खाता सञ्चालन गर्ने, जिल्ला सदस्यको वार्षिक लेवी रु. १२० निर्धारण गर्ने र आगामी स्थानीय तथा प्रदेश निर्वाचनलाई लक्षित गरी विशेष आर्थिक योजना तयार गर्ने निर्णय गरियो।

१७. जिल्ला इञ्चार्ज हस्त बहादुर शाहीले प्रस्तुत गरेको सांगठनिक अनुशासन, आचारसंहिता तथा संकल्प प्रस्ताव पारित गरियो।

१८. बैठकमा आलोचना आत्मआलोचनाको पद्धति संस्थागत गर्ने तथा आवश्यकतामा अनुशासन विभाग मार्फत लिखित स्पष्टीकरण लिने निर्णय गरियो।

१९. जिल्ला संयोजक डा. दीपेन्द्र रोकायाले प्रस्तुत गरेको स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय विषयमा प्रस्तुत समसामयिक प्रस्ताव पारित गरियो।

२०. साविक नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) तथा नेकपा (माओवादी समाजवादी) सँग रहेका चल अचल सम्पत्तिको अभिलेखीकरण गरियो। जसअनुसार, माओवादी केन्द्रको कार्यालयबाट

| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
|---|---|---|
| संयोजक | सह इन्चार्ज | इन्चार्ज |

CamScanner

२ हलसहित ११ कोठा भएको २ भवन, दराज ४, कुर्सी ४३, टेवल ७, सोफा सेट ३, घुम्ने कुर्सी ३, कम्प्युटर १, फोटोकपी मेसिन १, ल्यापटप १, पुस्तक ५००, ल्याण्ड फोन १ छ। एकीकृत समाजवादीको कार्यालयमा हल सहित ३ कोठा भएको २ भवन, सोफा सेट २, घुम्ने कुर्सी २, टेवल २, रोष्टम १, दराज १, कम्प्युटर सेट १ र चीया टेवल २ रहेको छ। समाजवादी माओवादीको कार्यालयमा भौतिक सामाग्री नभएको जानकारी प्राप्त भएको छ।

२१. परिभाषित जिम्मेवारी भएका कमरेडहरूको कार्यसम्पादन प्रतिवेदन कार्यालयमा अभिलेख राखी सोही आधारमा माथिल्लो समितिमा प्रतिवेदन गर्ने प्रणाली विकास गर्ने निर्णय गरियो।

अन्तमा, जिल्ला सह इन्चार्ज रंगमल रोकायाले सञ्चालन गरेको वैठकका अध्यक्ष तथा जिल्ला पार्टी संयोजक डा. दीपेन्द्र रोकायाले वैठकमा उठेका विषयवस्तुमा स्पष्ट पार्दै, विशेष रुपमा उपस्थित प्रदेश कार्यालयको सिंगो टिम र जिल्लाका केन्द्रीय सदस्यहरु, सल्लाहकारहरुका साथै प्रदेश र जिल्ला समितिका सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दै वैठक भव्य र ऐतिहासिक भएको संश्लेषण सहित सबैजना भविश्यका लागि केन्द्रित हुन अपिल गर्दै वैठकको समापन गर्नुभयो।

क्रान्तिकारी अभिवादन सहित।

| डा. दीपेन्द्र रोकाया | रंगमल रोकाया (क्षितिज) | हस्त बहादुर शाही |
|---|---|---|
| संयोजक | सह इन्चार्ज | इन्चार्ज |

CamScanner